मधेश प्रदेश सरकार

# गृह, सञ्चार तथा कानुन मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५९०८४१

Email:-intlawpradesh2@gmail.com


प.सं. :२०८३/०८४

च.नं. :

मितिः २०८३।०४।२८

नेपाल सम्वत् : ११४६

## मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८३/०८४ मा कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने मालसामान तथा सेवा खरिद/आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूचीमा दर्ता हुन इच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवा प्रदायक, गैरसरकारी संस्था, फर्म तथा व्यक्तिहरूले देहायबमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यस मन्त्रालयको जिन्सी इकाइमा ३५ (पैंतीस) दिनभित्र निर्धारित ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरू:</u>

१. संस्था/फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. आवश्यकतानुसार सम्बन्धित व्यवसाय वा सेवाको इजाजतपत्र/अनुमतिपत्रको प्रतिलिपि।

५. प्रचलित कानूनबमोजिम आवश्यक अन्य कागजातहरू।

.....................

राधेशंकर प्रसाद पाल

शाखा अधिकृत